१७ औं प्रतिदिन वार्षिकोत्सव

राष्ट्रिय दैनिक
प्रतिदिन
PRATIDIN NATIONAL DAILY

**डिजिटल कारोवारबारे सचेत बनौं ।**

डिजिटल बैंकिङ्को सुरक्षाका लागिः
- OTP, पासवर्ड र PIN नम्बर कसैलाई नदिऔं,
- आधिकारिक एप वा वेबसाइटबाट मात्र बैंकिङ सेवा प्रयोग गरौं,
- सार्वजनिक Wi-Fi प्रयोग गरी कारोबार नगरौं,
- अपरिचित व्यक्ति वा फोन कलमार्फत प्राप्त हुने प्रस्तावमा विश्वास नगरौं,
- शंकास्पद लिङ्कमा क्लिक नगरौं,
- मोबाइल वा कम्प्युटरमा सुरक्षित पासवर्ड र एण्टी भाइरस राखौं,
- अनुलाइन ठगीको आशंका लागेमा तत्काल सम्बन्धित बैंक वा नजिकको प्रहरीमा खवर गरौं ।
- "डिजिटल कारोवार सुरक्षित बनाऔं"

नेपाल सरकार विज्ञापन बोर्ड

वर्ष-१७ ।। अङ्क : १३१ ॥ २०८२ असार ०६ गते शुक्रबार (20th June 2025 Friday) **Pratidin** National Daily मूल्य-रु.५/-

# डाइभर्सनले लिइरहेको ज्यान



झापा(प्रस)। गत जेठ महिनामा झापामा सवारी दुर्घटनामा परी तीन जनाको मृत्यु भयो । त्यसमध्ये दुईजनाले पूर्वपश्चिम राजमार्गमा निर्माणाधीन एसियन हाइवेको डाइभर्सनकै कारण ज्यान गुमाउनु पर्यो ।

गत जेठ २४ गते झापाको कमल गाउँपालिकामा रहेको डाइभर्सनमा मोटरसाइकल दुर्घटना हुँदा सशस्त्र प्रहरीका सईको मृत्यु भयो । कमल गाउँपालिका ३ सानो केर्खास्थित पूर्वपश्चिम राजमार्गको डाइभर्सनमा प्र.१-०२-००५२प. ७०२९ नम्बरको मोटरसाइकल आफै अनियन्त्रित हुँदा मोरङ कानेपोखरी गाउँपालिका ४ बस्ने हाल इलाम बीओपी समालबुङ पोष्टमा कार्यरत ४८ वर्षीय सशस्त्र प्रहरी नायव निरीक्षक(सई) पुरनलाल राजवंशीको मृत्यु भएको हो ।

त्यस्तै गत जेठ १३ गते झापाको मेचीनगर नगरपालिका वडा न.१४ धाइजन चोकस्थित पूर्वपश्चिम राजमार्गको डाइभर्सनमा काँकरभिट्टाबाट बिर्तामोडतर्फ आउँदै गरेको प्रदेश १-०१-०१४ प. ५१५२ न.को मोटरसाइकललाई सोही दिशाबाट आउँदै गरेको प्रदेश १-०१-००१ ख. ४७११ न.को ट्रकले साइडबाट ठक्कर दिएको थियो । दुर्घटनामा मोटरसाइकलमा पछाडी सवार बुद्धशान्ति ५ बस्ने २२ वर्षीया आकृति दनुवारको मृत्यु भयो ।

त्यस्तै गत जेठ ३१ गते मोरङको कानेपोखरी गाउँपालिका-७ स्थित डाँस खोला पुलको डाइभर्सनमा मोटरसाइकल दुर्घटना हुँदा एक प्रहरी सहायक हवल्दारको मृत्यु भयो भने उनका श्रीमती र छोरा गम्भीर घाइते भए ।

पथरीबाट कानेपोखरीतर्फ जाँदै गरेको जिल्ला प्रहरी कार्यालय इलाम दरबन्दी भई प्रहरी चौकी जमुना

❖ बाँकी तेस्रो पृष्ठमा

# पूर्वी खण्डमा २० प्रतिशत प्रगति

झापा । एसियाली विकास बैङ्कको ८४ दशमलव १ प्रतिशत र नेपाल सरकारको १५ दशमलव ९ प्रतिशत लगानीमा 'एसियन हाइवे' निर्माणाधीन छ । काँकडभिट्टादेखि लौकही सडकखण्डसम्मलाई पूर्वी खण्ड सडक योजना नामकरण गर्दै निर्माणाधीन ' एसियन हाइवे'को हालसम्म २० प्रतिशत काम सम्पन्न भएको छ । २०८० साल माघ १९ गतेदेखि निर्माण शुरु भएको काँकडभिट्टा - केर्खा पूर्वी खण्डको ४५ किलोमिटर सडक निर्माणको समष्टिगत रुपमा २० प्रतिशत काम भएको काँकडभिट्टा लौकही सडक आयोजना (पूर्वी खण्ड) प्रमुख सुनिलबाबु पन्तले जानकारी दिए । उनका अनुसार झापाको चारआली, बिर्तामोड र चारपानेमा तीन वटा ओभरपास निर्माण गरिने छन् । जहाँ वीच बिन्दुबाट २५० मिटर पूर्व र २५० मिटर पश्चिमसम्म ओभरपास रहने छन् । त्यस्तै चारआली पश्चिम हात्तीका लागि समेत ओभरपास निर्माणको काम भइरहेको छ । त्यस्तै दुई लेनका २१ वटा पुल निर्माण गरिने छ ।

योजना प्रमुख पन्तका अनुसार हालसम्म १५१ वटा कल्भट निर्माण मध्ये ६० वटा सम्पन्न भएका छन् । त्यस्तै ५१ वटा चालू अवस्थामा रहेका छन् । २० वटा पुलको जग तथा सबस्ट्रक्चर निर्माण कार्य चालू रहेका छन् । त्यस्तै १० वटा मध्ये तीन वटाको बक्स ब्रिज निर्माण सम्पन्न भएका छन् ।

काँकडभिट्टादेखि केर्खासम्म ४५ किलोमिटर सडक निर्माणका लागि २०२३/१०/१९ मा सम्झौता भई २०२७/०२/०१ मा निर्माण सम्पन्न हुने छ । ४-६ लेनको सडक निर्माणका लागि १० अरब ६ करोड रुपैयाँमा ठेक्का लागेसँगै काम भइरहेको र सडक निर्माणका क्रममा

❖ बाँकी तेस्रो पृष्ठमा

# सरकारलाई उल्टै समर्थन गर्ने न्यायालयको कदम

झापा । लेखे-बोलेकै भरमा नागरिकलाई फौजदारी कसूरको डन्डा चलाउने सरकारलाई अंकुश लगाउनु साटो उल्टै समर्थन गर्ने न्यायालयको कदम अब समाचार सामग्री नै हटाउन लगाउने डरलाग्दो प्रवृत्तिसम्म आइपुगेको छ।

सप्तरी, पोर्ताहका २९ वर्षीय अब्दुल रहमानलाई प्रहरीले २०७१ जेठ १८ गते एक्कासि पक्राउ गर्‍यो। कारण थियो, फेसबूकमा शेयर गरिएको नागरिक दैनिकको समाचारले उठाएको विषयवस्तुप्रति उनले व्यक्त गरेको धारणा। रामनारायण विश्वासको 'फेसबूक वाल' मा रहेको सुध्रिँदो सुरक्षा शीर्षक समाचारको मुनिपट्टि रहमानले यत्ति लेखेका थिए- 'केको सुध्रिनु, आफ्नो बाइक फर्काउन पैसा तिर्नुपर्‍या छ, त्यो पनि ५०,०००।'

यही कारण उनलाई विद्युतीय कारोबार ऐन सम्बन्धी कसूर लगाएर प्रहरीले २० दिन हिरासतमा राखेको थियो। रहमानको अभिव्यक्तिले सुरक्षा संगठनको बदनामी भएको र मनोबल खस्किएको भन्दै प्रहरी आफैंले प्रतिवेदन उठाएर अनुसन्धान गरेको यस मुद्दामा काठमाडौं जिल्ला अदालतले उनलाई असार ६ गते पाँच हजार रुपैयाँ धरौटीमा छोडिदियो। मुद्दाको अन्तिम फैसला हुँदा न्यायाधीश कुलप्रसाद शर्माको इजलासले रहमानको पक्राउमा 'निरंकुशता र दमनको गन्ध' आएको व्याख्या गर्दै सफाइ दिएको मात्र होइन, प्रहरीको कदम कारबाही योग्य रहेको समेत बताएको थियो।

'सार्वजनिक पदाधिकारीको कार्यबाट निरंकुशता र दमनको गन्ध देखिन आए त्यस्तो कार्यलाई अनुत्तरदायी व्यवहार मानिन्छ,' फैसलामा भनिएको छ, 'जुन राज्यपक्षबाटै दण्डनीय हुन जानेछ। राष्ट्रसेवकबाट यस प्रकारको गतिविधि गर्नु गैरकानूनी त हुँदै हो, नैतिकता र आचरणको दृष्टिबाट पनि क्षम्य नभई विभागीय कारबाहीको दायराभित्र पर्ने देखिन्छ।' त्यति खेर विद्युतीय कारोबार सम्बन्धी देशभरका कसूरको सुनुवाइ काठमाडौं जिल्ला अदालतमा मात्र हुन्थ्यो।

उक्त मुद्दामा अदालतले सामाजिक सद्भाव र राष्ट्रिय अखण्डतामा खलल पुग्ने बाहेकका विषयमा सामाजिक सञ्जालमा खुला छलफल, बहस र अभिव्यक्तिको स्वतन्त्रतालाई राज्य संयन्त्रले नियन्त्रण गर्न नमिल्ने व्याख्या पनि गरेको थियो। अभिव्यक्ति स्वतन्त्रताका पक्षमा उति वेला यस्तो फैसला गरेको सोही जिल्ला अदालतले हालै समाचार प्रसारण गरेकै आधारमा साइबर अपराधको कसूरमा पत्रकार दिलभूषण पाठकलाई पक्राउ गर्न अनुमति दियो। यद्यपि आफूलाई पक्राउ नगर्न माग राखी पाठकले दिएको निवेदनमा पाटन उच्च अदालतले गत असार २ मा उनका पक्षमा अन्तरिम आदेश जारी गरिदिएपछि उनलाई पक्रने सरकारको ध्येय पूरा भएन । उच्च अदालतले असार ५ को सुनुवाइमा पनि सोही आदेशलाई निरन्तरता दिएको छ ।

जसरी रहमानले अरूले शेयर गरेको समाचारमा 'कमेन्ट' गरेका थिए, त्यसरी नै पाठकले हिल्टन होटलमा नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाका छोरा जयवीरको लगानी रहेको भनी विभिन्न अनलाइनमा आएका समाचारलाई आधार मानेर 'एक्स्प्लेनर' बनाएका थिए। 'टफ टक' यूट्यूब कार्यक्रममा जेठ ३ गते प्रसारित उक्त सामग्रीले व्यक्तिको प्रतिष्ठामा आँच पुर्‍याउने र घृणा फैलाउने काम गरेको भन्दै साइबर ब्यूरोमा जाहेरी परेको थियो। सञ्चारमाध्यममा प्रसारित सामग्रीमा आरोप लगाइए जस्तो कमजोरी रहे/नरहेको जाँच गर्ने पहिलो क्षेत्राधिकार अर्धन्यायिक निकाय प्रेस काउन्सिलको हुन्छ।

यो विषय सम्बोधन गर्न छुट्टै प्रेस काउन्सिल ऐन पनि छ। काउन्सिलको कारबाही चित्त नबुझे बल्ल अदालत जाने स्थापित प्रक्रिया हो। तर पाठकका हकमा ब्यूरोले यस प्रक्रियालाई बेवास्ता गर्दै जाहेरी परेकै आधारमा सोझै फौजदारी कसूरमा मुद्दा लग्यो भने जिल्ला अदालतले पनि तत्काल पक्राउ पूर्जी जारी गरिहाल्यो। जबकि उच्च अदालतले असार ५ मा पाठकलाई पक्राउ गरी अनुसन्धान गर्नेसम्मको अवस्था नदेखिएको आदेश गर्नुमा उनलाई आरोपित बनाइएको विषय प्रेस काउन्सिलको क्षेत्राधिकारभित्र पर्ने कुरालाई प्रमुख आधारका रूपमा लिइएको छ।

रहमान र पाठकबीचका एक दशकको अन्तरालका यी दुई घटनाले अभिव्यक्ति र प्रेस स्वतन्त्रताबारे न्यायपालिकाको दृष्टिकोण तथा मान्यता बदलिइरहेको संकेत गर्छन्। यसले अदालत स्वयं प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता खुम्च्याउने भूमिकामा उत्रिएको देखाउँछ।

निषेधाज्ञा : पत्रकारिता मास्ने अस्त्र

पत्रकार पाठकलाई पक्राउ पुर्जी जारी गरिएको सार्वजनिक भएकै दिन जेठ २७ गते नेपालखबर र बिजमान्डु अनलाइनमा प्रकाशित समाचार हटाउन काठमाडौं जिल्ला अदालतले छुट्टाछुट्टै अल्पकालीन अन्तरिम आदेश दियो। नेपाल धितोपत्र बोर्डका अध्यक्ष सन्तोषनारायण श्रेष्ठले आफू विरुद्ध लेखिएका समाचार हटाउन र आइन्दा नलेख्न आदेश दिनुपर्ने माग सहित मुद्दा हालेका थिए। श्रेष्ठलाई जलविद्युत् कम्पनीहरूको प्राथमिक शेयर निष्कासन (आईपीओ)का लागि 'कमिशन' मागेको आरोप लागेकोबारे लेखिएको समाचारले उनको 'प्रतिष्ठामा अपूरणीय क्षति पुग्ने' दाबी गर्दै न्यायाधीश पीताम्बर शर्माको इजलासले अर्को आदेश नहुन्जेल श्रेष्ठबारे थप समाचार लेख्न समेत रोक लगाइदिएको हो। भलै असार ५ गते जिल्ला अदालतले नै उक्त अन्तरिम आदेश खारेज गरेको छ ।

जेठमा मात्र काठमाडौं जिल्ला अदालतले समाचार हटाउन तीन वटा आदेश दिएको थियो। लाइफ अटो मोबाइलका मालिक विष्णु

# वर्षाका कारण सुकिलुम्बा बिमानस्थलमा क्षति

झापा(प्रस) । अविरल वर्षाका कारण इलामको फाल्गुनन्द सुकिलुम्बा बिमानस्थलमा क्षति पुगेको छ ।

बुधवार राति परेको अविरल वर्षाका कारण इलाम नगरपालिका ९ गोलाखर्कस्थित फाल्गुनन्द सुकिलुम्बा बिमानस्थलमा क्षति पुगेको हो ।



बिहीवार बिहान ८ बजे प्रहरी चौकी गोलाखर्कमा जानकारी प्राप्त हुनसाथ प्रहरी टोली खटिएर बुझ्दा बिमानस्थलको पूर्वतर्फको रनवेको बिच भाग चिरा परी जमिन भाँसिएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ । सो स्थान जीर्ण अवस्थामा रहेको जनाइएको छ ।

# शौचालयमा लडेर हल्दिवारीका मेचेको मृत्यु



झापा(प्रस)। शौचालयमा लडेर झापाको हल्दिवारीमा एकजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा हल्दिवारी गाउँपालिका-४ ऐनावारीका ४९ वर्षीय अमनलाल मेचे रहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

प्रहरीका अनुसार बिहीवार बिहान साढे ७ बजेको समयमा मेचे शौचालयमा लडेको देखेपछि आफन्तजनले उपचारका लागि प्रादेशिक अस्पताल भद्रपुर पुर्याएका थिए । अस्पतालका चिकित्सकले चेकजाँच गर्दा उनको मृत्यु भइसकेको थियो । घटनाबारे प्रहरीले अनुसन्धान गरिरहेको जनाइएको छ ।

# कुकर पड्किएर महिला घाइते

झापा(प्रस)। मोरङ रतुवामाई नगरपालिका - ९ इटहरामा कुकर पड्किएर एक महिला घाइते भएकी छन् ।


बुधवार राति ८.३० बजे रतुवामाई -९ इटहरा बस्ने खगेन्द्र न्यौपानेकी श्रीमती २८ वर्षीया भिष्मा बुढाथोकी



न्यौपाने आफ्नै घरको किचनमा खाना पकाउने क्रममा अचानक कुकर पड्किएको थियो ।

कुकरको सिटी उडेर उनको निधारमा चोट लागेको छ भने खानाको बापले अनुहारमा र घाँटीमा पोली छाला पिल्सिएको छ । उनलाई उपचारको लागि बिराट टिचिङ अस्पताल बिराटनगर लगिएको छ । उनको अबस्था मध्यम रहेको प्रहरीले जनाएको छ ।

# इलामका एकजनामा कोरोना संक्रमण पुष्टि




झापा(प्रस)। इलामका एकजना व्यक्तिमा कोरोना संक्रमण पुष्टि भएको छ ।

इलाम रोङ गाउँपालिका ४ बस्ने ७४ वर्षका वृद्धलाई कोरोना संक्रमण पुष्टि भएको हो । कोरोनाको लक्षण देखिएपछि प्रादेशिक अस्पताल भद्रपुरबाट ती वृद्धको स्याम्पल संकलन गरेर एक साताअघि राष्ट्रिय जनस्वास्थ्य प्रयोगशाला काठमाण्डौं पठाइएको थियो । जुन स्याम्पलको पीसीआर परीक्षण गर्दा पोजिटिभ देखिएको प्रादेशिक अस्पताल भद्रपुरको प्रयोगशालाले जनाएको छ ।

मंगलवार बेलुका रिपोर्ट आएर बुधवार बिहान सम्बन्धित व्यक्तिलाई जानकारी गराइएको थियो । केही दिनअघि झापा बिर्तामोडकी एक महिलामा पनि कोरोना संक्रमण पुष्टि भएको थियो ।

# आयोडिनयुक्त नुनको आपूर्ति निजीकरण नगर्न आग्रह

झापा(प्रस)। सरकारले आयोडिनयुक्त नुनको आपूर्ति प्रणालीमा निजी क्षेत्रलाई प्रवेश गराउने तयारी गरिरहेको भन्दै राष्ट्रिय उपभोक्ता मञ्चले गम्भीर आपत्ति जनाएको छ ।

वर्षौंदेखि सरकारी नियमनमा सहज, सुलभ, सस्तो र गुणस्तरीय रूपमा नून आपूर्ति हुँदै आएको व्यवस्था तोड्ने प्रयास भइरहेको भन्दै मञ्चले उक्त निर्णय उपभोक्ताविरोधी भएको टिप्पणी गरेको हो ।

उद्योग, वाणिज्य , श्रम तथा उपभोक्ताहित समितिको बैठकमा राष्ट्रिय उपभोक्ता मञ्चका अध्यक्ष प्रेमलाल महर्जनले नेपाली जनताको स्वास्थ्यसँग प्रत्यक्ष सम्बन्ध राख्ने आयोडिनयुक्त नूनको आपूर्ति र वितरणलाई निजीकरणतर्फ लैजान खोजिएको भन्दै गम्भीर आपत्ति जनाए ।

'नेपालमा आयोडिन भएको गुणस्तरीय नूनको सहज, सुलभ आपूर्ति तथा वितरण' का सम्बन्धमा अध्यक्ष महर्जनले हालसम्म सरकारी नियमनमा सहज, सुलभ, सस्तो र गुणस्तरीय रूपमा नून आपूर्ति हुँदै आएको व्यवस्था अत्यन्त हितकारी भएको स्पष्ट पारे ।

उनले भने, "नुनजस्तो अत्यावश्यक वस्तुको आपूर्ति नियन्त्रित रूपमा हुँदै आएको छ । तर केही व्यापारी र बिचौलियाले खुला बजार र प्रतिस्पर्धाको नाममा निजी क्षेत्रलाई प्रवेश गराउने दबाब दिइरहेका छन् । यसले जनस्वास्थ्यमाथि प्रत्यक्ष असर पार्ने खतरा देखिएको छ ।"

साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेडमार्फत राज्यले गुणस्तरीय आयोडिनयुक्त नुन जनतालाई सुलभ मूल्यमा उपलब्ध गराउँदै आएको जनाउँदै अध्यक्ष महर्जनले नुनको कारोबारमा निजीकरण गर्न नहुने धारणा राखे ।

## सूचना प्रविधि उद्योगलाई विदेशमा लगानीको बाटो खुल्यो

झापा(प्रस) ।सूचना प्रविधि उद्योगले विदेशीमा लगानी गर्न पाउने भएका छन् । नेपाल राष्ट्र बैंकले विदेशी लगानी तथा विदेशी औसत विदेशी मुद्राको ५० प्रतिशत वा अमेरिकी डलर १० लाख वा सो बराबरको विदेशी मुद्रासम्म (दुई मध्ये न्यून) हुनेछ,' विनियमावलीमा



ऋण व्यवस्थापन विनियमावली २०७८'को चौथो संशोधन मार्फत सूचना प्रविधि उद्योगलाई विदेशी लगानीका लागि बाटो खोलिदिएको हो । 'सूचना प्रविधि उद्योगले विदेशमा लगानी गर्न प्राप्त गर्ने विदेशी मुद्राको अधिकतम सीमा उक्त उद्योगले पछिल्ला तीन आर्थिक वर्षहरुमा सूचना प्रविधि सम्बन्धी सेवा निर्यात गरी आर्जन गरेको भनिएको छ । यसअघि यस्तो व्यवस्था थिएन । विदेशमा लगानी गर्न प्रतिबन्ध लगाउने ऐन, २०२१ बमोजिम विदेशमा लगानी गर्न पाउने गरी छुट प्राप्त उद्योगले विदेशमा लगानी गर्न आवश्यक पर्ने विदेशी मुद्राको सटही सुविधा राष्ट्र बैंकबाट प्राप्त गर्न सक्ने व्यवस्था पनि राष्ट्र बैंकले गरेको छ ।

## सञ्चारमन्त्रीको चेतावनी मेटाले टेरेन




झापा(प्रस) ।सामाजिक सञ्जाल सञ्चालक कम्पनी मेटाले नेपालमा दर्ता हुन सरकाले दिएको चेतावनीलाई बेवास्ता गरेको छ । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले वैशाख १२ गते सात दिनभित्र दर्ता नभए सामाजिक सञ्जाल सञ्चालक कम्पनी मेटालाई नेपालमा प्रतिबन्ध लगाइने चेतावनी दिएका थिए । राष्ट्रिय सूचना आयोगले आयोजना गरेको सूचनाको हकसम्बन्धी विभागस्तरीय अन्तर्क्रिया कार्यक्रममा मन्त्री गुरुङले मेटालाई नेपालमा दर्ता हुन पटक-पटक सूचना जारी गरिए पनि अटेर गरेको भन्दै एक साताभित्र दर्ता नभए प्रतिबन्ध लगाउने चेतावनी दिएका थिए ।

बिहीवार असार ५ गतेसम्म न सरकारले मेटालाई कारबाही गरेको छ, न त मेटा नेपालमा दर्ता हुन आएको छ ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता सहसचिव गजेन्द्र ठाकुरले मेटाले अहिलेसम्म दर्ता हुन नआएको बताए । 'मेटा अहिलेसम्म दर्ता हुनका लागि आएको छैन,' प्रवक्ता ठाकुरले भने ।

मन्त्रीज्यूले ७ दिनभित्र दर्ता हुन नआए प्रतिबन्ध लगाउने चेतावनी दिएको दुई महिना पुग्न लाग्यो कारबाही प्रक्रिया केही अगाडि बढाउनु भयो त भन्ने प्रश्नमा प्रवक्ता ठाकुरले भने, 'पहिला दर्ता भएर नेपालको कानुन अनुसार काम नगरे पो कारबाही ? दर्ता नै नभएको कम्पनीलाई कसरी कारबाही गर्ने ?' फेरि दर्ता हुनका लागि पत्राचार गर्नुभयो कि भएन भन्ने प्रश्नमा ठाकुरले अहिले केही पनि नगरिएको जानकारी दिए ।

## ४ करोड बजेटमा हर्क साम्पाङको असन्तुष्टि



झापा(प्रस) ।कोशीको पानी धरानमा ल्याउने योजनाका लागि ४ करोड बजेट विनियोजन भएपछि धरान उपमहानगरपालिकाका मेयर हर्क साम्पाङले असन्तुष्टि पोखेका छन् । उनले सामाजिक सञ्जालमार्फत त्यति बजेटको अर्थ नभएको भन्दै बरु श्रमदानबाटै पानी खुवाउने बताएका हुन् ।

'कोशीको पानीको लागि ४ करोड मात्रै ? लु भो सरकार तिम्रो पैसा हाम्लाई चाहिएन ! म श्रमदानबाटै पानी खुवाउँला बरु भो ! उस्स्स्स तिम्रो योजना !'उनले बुधबार फेसबुकमा लेखेका छन् ।

खानेपानी मन्त्रालयको बजेटमा साम्पाङले राख्दै आएको माग पनि समेटिएको छ। यसका लागि संघीय रूपमा कार्यान्वयन हुनेगरी सरकारले ४ करोड रुपैयाँ विनियोजन भएको हो । कोशीको पानी ल्याउन संघीय सरकारले पैसा दिनुपर्ने भन्दै साम्पाङ केही महिनाअघि रित्तो गाग्री बोकेर काठमाडौं गएका थिए ।

## रास्वपाको पलैँटी र राप्रपाको बहिस्कार

झापा(प्रस) । भिजिट भिसा प्रकरणमा छानबिन समितिको माग गर्दै रास्वपा र राप्रपाले प्रतिनिधिसभामा विरोध कायमै राखेका छन् । अघिल्ला दिनमा जस्तै बिहीबारको बैठकमा पनि राप्रपाले बैठक बहिस्कार गर्‍यो भने रास्वपाका सांसदहरू बेल घेराउ गर्दै सभामुखको आसनअघि पलैँटी कसेर बसे । सभामुख देवराज घिमिरेले संसद् बैठक सुरु भएको जानकारी गराए लगत्तै रास्वपा र राप्रपाका सांसदहरू उठेर विरोध गरेका थिए । त्यसपछि सभामुख घिमिरेले रास्वपाका सांसद हरि ढकाललाई बोल्ने समय दिए ।



उनले सरकारले भुइँमान्छेका आवाज नसुनेको भन्दै विरोध गरे । उनले संसदमा आफूहरूको आन्दोलन जारी रहेको बताएपछि रास्वपा सांसदहरू उठेर बेल अगाडि पुगेका थिए ।

त्यसपछि सभामुखले राप्रपाका प्रमुख सचेतक समेत रहेका ज्ञानेन्द्रबहादुर शाहीलाई बोल्न समय दिएका थिए । उनले भिजिट भिसा प्रकरणमा छानबिन समिति नबनाएसम्म बैठक बहिस्कार गर्ने घोषणा गरे ।

त्यसपछि बोल्न समय पाएका माओवादीका प्रमुख सचेतक हितराज पाण्डेले प्रतिनिधि सभाको राज्य व्यवस्था तथा सुशासन समितिबाट पारित भएको निजामती विधेयकको संसद्को फुल हाउसबाट पारित गर्नुपर्ने बताए ।

उनले संसद् पुगेको विधेयक कार्यसूचीमा प्रवेश गरेर पनि हटाइएको भन्दै माओवादीले आपत्ति जनाउँदै तत्काल ल्याउन आग्रह गरे । त्यस्तै नेकपा एकीकृत समाजवादीका नेता राजेन्द्र पाण्डेले पनि सचिवहरुले संयुक्त राजीनामा दिन्छौं भनेर विरोध गरेपछि विधेयक रोकिएको भन्दै सरकारलाई खुट्टा नकमाउन र विधेयक ल्याउन माग गरे ।

'२५ जना सचिवले राजीनामा दिए नयाँ सहसचिव आउँछन् । धम्कीको भरमा यस्तो निर्णय गर्न खुट्टा कमाउनु हुँदैन'पाण्डेको भनाइ छ ।

## सात जनालाई गैरआवासीय नागरिकता वितरण




झापा(प्रस)। ताप्लेजुङमा चालू आर्थिक वर्षको जेठ मसान्तसम्ममा सात जनालाई गैरआवासीय नागरिकता वितरण गरिएको छ। जिल्ला प्रशासन कार्यालय ताप्लेजुङले हाल विभिन्न देशमा बसोबास गर्दै आएका उक्त संख्यालाई गैरआवासीय नागरिकता वितरण गरेको हो।

जिल्ला प्रशासन कार्यालयकी सूचना अधिकारी एवम् सहायक प्रमुख जिल्ला अधिकारी सन्दीपा खड्काका अनुसार गत वर्ष आर्थिक वर्ष भरमा छ जनालाई गैर आवासीय नागरिकता वितरण भएको थियो। यसवर्ष जेठ मसान्तभित्रै सात जनालाई गैर आवासीय र सोही संख्या अर्थात् सात जनालाई नै अङ्गीकृत नागरिकता वितरण गरिएको सहायक प्रजिअ खड्काले जानकारी दिइन् । जिल्ला प्रशासन कार्यालयको तथ्याङ्कअनुसार गत आवमा १३ जनालाई वैवाहिक अङ्गीकृत नागरिकता प्रदान गरिएको थियो। यता गैरआवासीय, अङ्गीकृतबाहेक चालु आवको जेठ सम्ममा तीन हजार १७८ जनालाई जिल्ला प्रशासन कार्यालयले नागरिकता वितरण गरेको छ। बंशजका आधारमा सो संख्यामा नागरिकता वितरण गरिएको हो। यस अवधिमा दुई हजार ५२३ जनालाई नागरिकताको प्रतिलिपि प्रदान गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ।

## अमेरिकाले फेरि थाल्यो विदेशी विद्यार्थीलाई भिसा दिने प्रक्रिया



झापा(प्रस)।अमेरिकी विदेश मन्त्रालयले विदेशी विद्यार्थीको भिसाका लागि अपोइन्टमेन्टको तालिका पुनः सुरु गर्ने बताएको छ । तर भिसा आवेदन दिने विद्यार्थीहरूको सामाजिक सञ्जाल खाता जाँच गरिने बताइएको छ ।

यसका लागि, सबै आवेदकहरूलाई उनीहरूको सामाजिक सञ्जाल प्रोफाइलको गोपनीयता सेटिङ सार्वजनिक राख्न निर्देशन दिइनेछ ।

'हामी हाम्रो भिसा जाँचमा उपलब्ध सबै जानकारीहरू अमेरिकामा प्रवेशको लागि योग्य नहुन सक्ने आवेदकहरू, विशेष गरी राष्ट्रिय सुरक्षामा खतरा निम्त्याउन सक्ने व्यक्तिहरू पहिचान गर्न प्रयोग गर्छौं,' मन्त्रालयले एक प्रेस विज्ञप्तिमा भनेको छ ।

नयाँ दिशानिर्देशहरू अन्तर्गत,आवेदकहरूको अनलाइन उपस्थिति सहित व्यापक र कडा छानबिन गरिने बताइएको छ ।

मन्त्रालयका अनुसार विदेशमा रहेका अमेरिकी दूतावास र वाणिज्य दूतावासहरूले चाँडै नै यी भिसा आवेदनहरूको तालिका पुनः सुरु गर्नेछन् । यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले विश्वभरका आफ्ना दूतावासहरूलाई विद्यार्थी भिसाका लागि अपोइन्टमेन्ट रोक्न आदेश दिएका थिए ।

ट्रम्प प्रशासनले आवेदकहरूको सामाजिक सञ्जाल खाताहरूको गहन अनुसन्धान गर्ने योजनामा काम गरिरहेको बताएको थियो ।


द.नं. ३/१/७/५२४/२०६७/०६८

# सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड-४, झापा
स्था.: २०६७

**कर्मचारी आवश्यकता सम्बन्धीको सुचना**

सिम्रिक बचत तथा ऋण सहकारी संस्था लि., विर्तामोड-४, झापाका लागि सहायक द्वितीय पद चारौं तहमा लघुवित्त फिल्ड सहायक कर्मचारी आवश्यक भएको हुँदा ईच्छुक नेपाली नागरिकहरुले आवदेन दिनुहुनका लागि यो सुचना प्रकाशन गरिएको छ।

| क्र.सं. | संख्या | न्यूनतम योग्यता | कार्यक्षेत्र |
|---|---|---|---|
| १ | ४ | SLC/SEE उत्तीर्ण | दुधे, शिवगंज, गौरादह र गौरीगंज |

संलग्न हुनुपर्ने कागजात :
१) हस्तलिखित निवेदन
२) नेपाली नागरिकताको प्रतिलिपि
३) शैक्षिक योग्यताको प्रतिलिपि
४) २ प्रति पास फोटो
५) अनुभव प्रमाणपत्रको प्रतिलिपि

आधार तलब : रु. २६,३८६।- (अक्षरेपी छब्बिस हजार तीन सय छयासी मात्र)

अन्य सुविधा :
१) ग्रेड, संचयकोष, उपदान, उपचार सुविधा, कर्मचारी बोनस, संचित विदा, दुर्घटना बीमा, दशैं बोनस, महंगी भत्ता तथा प्रोत्साहन भत्ता आदी ।

परिक्षणकाल अवधि ६ महिनाको रहने छ ।

नोट : अनुभवी तथा दुई पाङ्ग्रे सवारी चालक अनुमति पत्र सहित साधन भएकालाई विशेष प्राथमिकता दिईनेछ ।
सम्पर्क नं. : ०२३-५३४९२५, ९८०१४४९४२८ ईमेल : simrikcoophr@gmail.com
फारम भर्ने अन्तिम मिति २०८२।०३।१३ गते, शुक्रबारसम्म कार्यालय समय भित्र, संस्थाको मुख्य कार्यालय विर्तामोड-४, झापा
आवेदन शुल्क : रु. ३००।- (तीन सय रुपैया मात्र) फिर्ता नहुने गरी

- जनशक्ति ब्यवस्थापन विभाग


## युवा नेता ऋषि तिम्सिनाले छोडे एमाले



झापा(प्रस)। नेकपा एमालेका युवा नेता तथा मेची उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष ऋषि तिम्सिनाले एमाले परित्याग गरेका छन् । बिहीवार आफ्नो फेसबुकमार्फत उनले पार्टी परित्यागको घोषणा गरेका हुन् । उनले स्टाटस लेख्दै पार्टी कामका दौरान सहयोग गर्नु हुनेहरुलाई धन्यवाद दिएका छन् । उनले मित्र, शुभचिन्तक र सञ्चारकर्मीहरुलाई सम्बोधन गर्दै भनेका छन्, "आज म एक गहिरो सोच, स्वमूल्यांकन र अनुभवको आधारमा नेकपा (एमाले) पार्टीबाट अलग भएको औपचारिक घोषणा गर्दछु ।"

नेकपा एमालेभित्र इमान्दार युवा व्यक्तित्वको छवि बनाएका तिम्सिनाले पार्टीबाट अलग हुनुको कारण वर्तमान राजनैतिक अवस्था रहेको बताएका छन् । उनले भनेका छन् " पाटीभित्र चाकडी नगरेसम्म हामी जस्ताले टिक्न गाह्रो रहेछ "

राजनैतिक तथा सामाजिक क्षेत्रमा सधै अग्रणी भूमिकामा रहेका तिम्सिनाका अब कुन पार्टीमा जान्छन् भन्ने सबैमा चासो बढेको छ। उनले फेसबुक स्टाटसको अन्त्यतिर सामान्य संकेत गर्दै भनेका छन्, "अन्य असल कर्ममा सधै यहाँहरुसँग हातेमालो गर्दै अगाडि बढ्ने नै छु " ।

उद्योगी व्यापारीहरुबिच लोकप्रिय तिम्सिनाले आगामी २०८४को निर्वाचनलाई लक्षित गरी यो कदम चालेको हुन सक्ने देखिएको छ। उनले २०७९ को स्थानीय तहको निर्वाचनमा पार्टीभित्र उपप्रमुख पदको उम्मेदवारको दावी गरेका थिए । तर उनलाई पार्टीले उम्मेदवार बन्नबाट रोकेको थियो ।


# श्री बिर्ता धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.

बिर्तामोड ५ को

## कर्जा नतिर्ने ऋणी सदस्यलाई कर्जा चुक्ता गर्न आउने १५ दिने सार्वजनिक सूचना

दोस्रो पटक प्रकाशित मितिः २०८२/०३/०६

यस सहकारी संस्थाबाट तपशिलमा उल्लेखित ऋणीले लिएको कर्जाको साँवा, व्याज, हर्जना र अन्य दैदस्तुर रकम समेत तिर्न/बुझाउन पटक-पटक मौखिक, लिखित, फोन सम्पर्क तथा प्रत्यक्ष भेटेर तरतागेता गर्दा समेत नतिरी/नबुझाइ ऋण कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गरेको हुनाले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । तसर्थ यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्रमा संस्थामा सम्पर्क राखी यस संस्थालाई बुझाउनु पर्ने सम्पूर्ण बक्यौता रकम (कर्जाको साँवा, व्याज, हर्जना र अन्य दैदस्तुर रकम समेत) चुक्ता गर्न हुन सूचित गरिन्छ । अन्यथा सहकारी ऐन, नियमावली, कर्जा सम्बन्धी सम्झौताका शर्त लिखित तथा प्रचलित नेपाल सरकारको कानुन बमोजिम तपशिलको धितोबाट कर्जा असुल उपर गरिने व्यहोरा सम्बन्धित तपशिलका ऋणी सदस्यलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ।

**ऋणीको नाम, थर, ठेगाना र तीनपुस्ते ऋणीको नाम :**
ऋणीको नाम : तिलकबहादुर पौडेल
बाबु : खड्ग बहादुर पौडेल
बाजे : जय बहादुर पौडेल
श्रीमतीः माया पौडेल गुरुङ्ग
वतन : साविक मेचीनगर १०,हाल मेचीनगर ६
नागरिकता न. : ८८९८
जारी मिति :२०४०-०३-२२

**धितो दिएको जगगाको विवरण :**

| जिल्ला | न.पा/गा.वि.स | वडा नं./नक्सा सिट नं. | कित्ता नं. | क्षेत्रफल | जगगाधनीको नाम |
|---|---|---|---|---|---|
| झापा | ज्यामिरगढी | ८ | १९४० | ०-१-०-० | माया पौडेल गुरुङ्ग |

**श्री बिर्ता धनलक्ष्मी बचत तथा ऋण सहकारी संस्था लि.**
बिर्तामोड ५, झापा
सम्पर्कः०२३-५३४१६७


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# नेपालीलाई उद्धार गर

अहिले मध्यपूर्व तनावग्रस्त छ। इजरायल-हमास युद्ध चलिरहेकै बेला गएको सातादेखि इजरायल र इरानबिच युद्ध चर्केको छ। दुवै मुलुक एकअर्काविरुद्ध आक्रामक ढङ्गले प्रस्तुत भएका छन्। विवादास्पद परमाणु कार्यक्रमलाई लिएर इजरायलले शुक्रबार बिहानै इरानमाथि भीषण हवाई आक्रमण सुरु गरेपछि इरान प्रत्याक्रमणमा उत्रेको हो। सात दिनदेखिको युद्धमा जनधनको व्यापक क्षति भएको छ। एक अर्काविरुद्ध गोलाबारुद, क्षेप्यास्त्र, बम, ड्रोन प्रहार गरी आक्रमण भइरहँदा जनजीवन अस्तव्यस्त बन्न पुगेको छ। अहिलेसम्मको घटनाक्रमले के देखाएको छ भने यो युद्धमा इरानभन्दा इजरायल शक्तिशाली देखिएको छ। जनधनको क्षतिको हिसाबले पनि इरानको तुलनामा इजरायलमा कम क्षति भएको छ। इजरायलले बङ्करमा राखेर नागरिकलाई सुरक्षा दिइरहेको छ। तैपनि दुवै देशमा अशान्ति छ, आमनागरिक त्रासमा छन्। कति बेला को कहाँ मारिने हो वा घाइते हुने हो भन्ने त्रासमा नागरिक सुरक्षाको खोजीमा छन्। यस्तो अवस्थामा नेपाल सरकारले इरान र इजरायलमा रहेका नेपालीको आवश्यक उद्धारका लागि तयारी सुरु गरेको छ। श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले युद्धरत इजरायलमा कार्यरत नेपाली श्रमिकलाई सुरक्षित गर्दै उद्धार गर्ने विषयमा कार्ययोजना बनाएको छ। श्रम मन्त्रालयमा बसेको आपत्कालीन बैठकले कार्ययोजना बनाएको हो। बैठकले गएको शुक्रबारदेखि इजरायल र इरानबिच युद्ध चर्किन थालेसँगै मध्यपूर्वी देशमा कार्यरत नेपाली श्रमिकलाई सुरक्षित गर्ने र उद्धार गर्ने विषयमा कार्ययोजना बनाएर अगाडि बढ्ने विषयमा सहमति गरेसँगै स्वदेश फर्कन चाहने नेपालीमा आशा पलाएको छ। बैठकमा नेपाली श्रमिकको उद्धार गर्न राज्यका सबै संयन्त्र परिचालन गर्ने र आवश्यक स्रोत जुटाउने निर्णय भएको छ। त्यस्तै स्थलगत मार्गबाट उद्धार गर्न छिमेकी देशमा प्रवेश गर्न सीमामै भिसा उपलब्ध गराउन अनुरोध गरेको छ। नेपाल सरकारले आपत्कालीन कामबाहेक मध्यपूर्व क्षेत्रमा यात्रा नगर्न ट्राभल एडभाइजरी जारी गरेको छ।

युद्धसँगै असुरक्षा पनि बढेकाले त्रसित भएको मनोविज्ञान प्रकट गरेको हुँदा नेपाली श्रमिकलाई मनोपरामर्श सेवा दिनुपर्ने अवस्था पनि देखिएको छ। इजरायलमा रहेको नेपाली दूतावासका अनुसार त्यहाँ पाँच हजारभन्दा बढी नेपाली छन्। वैदेशिक रोजगार विभागका अनुसार पछिल्लो पटक दुई सरकारबिच जिटुजी गरेर गएकाको संख्या एक हजार ८८८ जना छन्। अन्य कृषिमा काम र अध्ययन गर्न र अन्य देशबाट विभिन्न काम गर्न त्यहाँ पुगेका छन्। इजरायलको अवस्था सहज नभएकाले अहिले सहायक श्रमिक केयर गिभरमा इजरायल जाने भिसा र टिकट लिएर बसेका ३५ जनाको टिकट रद्द गरिएको छ। इजरायलमा केयर गिभरमा जान असार ७ गते शनिबारका लागि टिकट लिएकालाई तत्काल नपठाउन इजरायली पक्षबाट पत्राचार भएपछि उनीहरूको टिकट रद्द गरिएको हो।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# युवा पुँजी पलायन र विकास



• डा.लोनाथ भुसाल

युवाको क्षमता विकास नै देश विकासको आधार हो। शिक्षा, सिप र सदाचारले युवालाई युक्त बनाउनुलाई उनीहरूको क्षमता विकासको रूपमा लिन सकिन्छ। यसरी नै देशलाई आवश्यक पर्ने जनशक्ति निर्माण गरेको पाइन्छ। यसलाई मानव पुँजी निर्माण पनि भनिन्छ। उच्च शिक्षा हासिल गरी मुलुकको मानव संसाधन विकासलाई टेवा प्रदान गरी मुलुकको विकासमा योगदान गर्न नेपालबाट विगतदेखि नै अध्ययन अनुमति लिएर विदेशी शैक्षिक संस्थामा अध्ययन गर्न जाने गरेको पाइन्छ। यसरी विदेशमा अध्ययन गर्न जाँदा मुलुकको जनशक्तिको आवश्यकतालाई आकलन गरेर नेपाल सरकार आफैँले वा विदेशी सरकारले देशमा आवश्यक पर्ने जनशक्तिको उत्पादन हुने गरी छात्रवृत्ति प्रदान गरिने प्रचलन रहेको थियो।

यसका लागि नीतिगत मार्गदर्शन पनि प्राप्त थियो। वैदेशिक अध्ययनको कानुनी आधार छात्रवृत्तिसम्बन्धी ऐन, २०२१ र छात्रवृत्तिसम्बन्धी नियमावली, २०६० रहेको छ। यसलाई थप व्यवस्थित र सहज बनाउन र निजी खर्चमा विदेशमा पढ्न जाने क्रम बढेकाले त्यसलाई व्यवस्थित गर्न 'विदेशी शिक्षण संस्थामा उच्च शिक्षा अध्ययन गर्न जाने नेपाली नागरिकले लिनुपर्ने पूर्वस्वीकृतिपत्र (नो अब्जेक्सन लेटर) लिने कार्यलाई सहज, सरल, तथ्यपरक, व्यवस्थित, प्रविधिमैत्री तथा प्रभावकारी बनाउन र विदेशी मुद्रा सटही सिफारिससम्बन्धी कार्यलाई व्यवस्थित गर्न वाञ्छनीय भएको' उल्लेख गरी सरकारले वैदेशिक अध्ययन स्वीकृतिसम्बन्धी निर्देशिका, २०७९ नै जारी गरेको छ। यही कार्यका लागि अनलाइन एप्लिकेसन प्रणाली पनि निर्माण गरिएको छ। यसमार्फत दैनिक एक हजारभन्दा बढी नेपाली विद्यार्थीले अध्ययन अनुमतिका लागि आवदेन गर्ने गरेका छन्।

माथिको तालिकाबाट पछिल्लो केही वर्ष यसरी विदेश जाने विद्यार्थीको संख्या अनपेक्षित रूपले बढदै गएको देखिन्छ। विगत १२ वर्षमा अध्ययन अनुमति लिनेको संख्या छ लाख ५० हजारभन्दा बढी रहेको छ। यो संख्या प्रत्येक वर्ष सो अवधिमा सरदर छ प्रतिशतले बढेको देखिन्छ। कोभिड-१९ अवधिलाई गणना नगर्दा भने यस्तो वृद्धिदर करिब २० प्रतिशत हुन आउँछ। पछिल्ला केही वर्षमा कोभिड-१९ अवधिको संख्यालाई आधार मान्दा ७१ प्रतिशतसम्मले बढेको छ। यसरी अध्ययन गर्न गएका युवामध्ये देशमा फर्किएको जनशक्तिको यकिन विवरण भने उपलब्ध हुन सकेन।

एकातिर यसरी अध्ययन गर्न जाँदा बर्सेनि अर्बौं रुपियाँ बिदेसिने गरेको र मुलुकभित्र स्थापित कलेजमा विद्यार्थीको सङ्ख्या घट्दै गएको छ भने अर्कोतिर यसरी विदेश जाने विद्यार्थीको उतै बसोबास गर्ने दीर्घकालीन सोच रहने भएकाले भविष्यमा मुलुकका लागि आवश्यक दक्ष जनशक्तिको कमी हुने देखिन्छ। विद्यार्थीको संख्या स्वाट्टै घटेकाले कतिपय कलेज गाभ्नु परेकाले त्यसमा कार्यरत शिक्षक कर्मचारीको रोजगारी खोसिएको अवस्था पनि छ। मुलुकको मानव संसाधनको विकास तथा व्यवस्थापनमा तत्कालीन र दीर्घकालीन प्रभाव पारेकाले यो विषयले मुलुकको विकास प्रक्रियालाई पनि प्रतिकूल प्रभाव पार्ने देखिएको छ। युवा जनशक्ति पलायनले देशको उत्पादन तथा उपभोगको शृङ्खला पनि खल्बलिएको छ। स्वदेशी वस्तुको समग्र माग घटेकाले उत्पादन पनि घटाउनु परेको छ। यसले रोजगारी सिर्जनालाई पनि प्रतिकूल प्रभाव पारेको छ। यसलाई गम्भीर महत्वका साथ उठान गर्नुपर्ने देखिन्छ।

विदेशमा अध्ययन गर्न जाने प्रक्रियालाई सहजीकरण गर्न खुलेका शैक्षिक परामर्श केन्द्रमा विकृति पनि देखिएका छन्। यसलाई निराकरण गर्न संसद्को अन्तर्राष्ट्रिय सम्बन्ध तथा श्रम समितिले विदेशमा अध्ययन तथा शैक्षिक परामर्श केन्द्र सञ्चालन गर्ने सम्बन्धमा छुट्टै कानुन बनाउन शिक्षा, विज्ञान तथा



प्रविधि मन्त्रालयलाई निर्देशन दिएको छ। समितिको बैठकले नेपाली विद्यार्थी विदेश पढ्न जाने उपयुक्त विषय तथा देशको सूची बनाएर सोही अनुरूप अनुमति दिनसमेत निर्देशन दिएको छ।

नेपाली पढ्न जाने गन्तव्य मुलुकसँग नेपाल सरकारलाई सोसम्बन्धी सम्झौता प्रक्रियासमेत अगाडि बढाउन समितिले निर्देशन दिएको परामर्श केन्द्रले म्यानपावरको काम गरेको अवस्था पनि विद्यमान छ। अर्कोतिर अध्ययन अनुमति कार्यालयमा सेवाग्राहीको संख्या बढेकोले व्यवस्थापन गर्न असहज भएको अवस्था छ। हालै त्यँहा हुने गरेका अनियमितताका फहरिस्त पनि सार्वजनिक भएका छन्। मुलुकको मानव संसाधन विकास र विदेशमा अध्ययन अनुमति प्रदान गर्ने कामको बिचमा अन्योन्याश्रित सम्बन्ध हुन्छ। देशको आवश्यकता के हो, कुन विषय पढ्न विदेश जान दिने, कुन विषय पढ्न विदेश जान नदिनेलगायतको स्पष्ट मापदण्ड बनाउनुपर्ने आवश्यकताको अनुभूति गरिएको छ। विदेशी छात्रवृत्ति प्राप्त गरेकालाई मात्र दिने कि, सबैलाई दिने ? यस विषयमा गम्भीर तवरले बहस नभएको अवस्था पनि छ। पछिल्लो समयमा विद्यार्थी विभिन्न मुलुकमा अलपत्र परेको उजुरी प्राप्त हुने गरेकोले शैक्षिक परामर्श केन्द्रको विकृति अन्त्य गर्न र ठगी नियन्त्रण गर्न अनुसन्धान र कारबाही पनि अगाडि बढाउनु आवश्यक छ। रुसबाट युक्रेनमा खटिएर मृत्यु हुने करिपय नेपाली युवा अध्ययनका लागि रूस गएका भन्ने खबर पनि सार्वजनिक भएका छन्।

नेपालबाट युवा जनशक्ति पलायन हुनुका विभिन्न कारण रहेका छन्। पहिलो, देशको उच्च शिक्षाको गुणस्तर र व्यवस्थापन कमजोर हुनु हो। कमजोर गुणस्तरको कारण पूर्वाधार विकासमा कम लगानी हुनु, विश्वव्यापी श्रम बजारको माग अनुसारको जनशक्ति उत्पादन गर्ने गरी हाम्रा शैक्षिक संस्थाको पाठ्यक्रमको समसामयिक परिमार्जन नगरिनु र विश्वस्तरको प्रविधिको उपयोग गरिएको शैक्षिक प्रणाली निर्माण गर्न नसक्दा कमजोर पठन-पाठन हुनु हो।

शैक्षिक क्यालेन्डरको परिपालना हुन नसक्नुले पनि गुणस्तर खस्किएको र विद्यार्थीको पढाइ पूरा गर्ने तथा रोजगारीमा प्रवेश गर्ने समयको अनिश्चितता बढेको हो। शिक्षक, कर्मचारी, व्यापारी, विद्यार्थी, कामदार, डाक्टर, इन्जिनियर, प्राध्यापक, पत्रकार, बुद्धिजीवीहरू राजनीतिक दलको सदस्य बन्नुपर्ने बाध्यताले उनीहरूको पेसागत व्यावसायिकतामा कमी देखिन्छ। विद्यालय र विश्वविद्यालयलाई राजनीतिबाट टाढा राख्न नसक्दा प्रभावकारी नियमन नहुने भई शैक्षिक गुणस्तर खस्किएकाले पनि युवा जनशक्तिले विदेश पलायनको बाटो रोजेको हो। एक्काइसौँ शताब्दीको डिजिटल पुस्ताको विद्यार्थी बिसौँ शताब्दीको शिक्षक र पाठ्यक्रम तथा उन्नाइसौँ शताब्दिको विधिमा आधारित खण्डहर कक्षा कोठाबिचको तालमेल नमिलेर नै युवा पुस्ता देशको लगानीयोग्य रकमसहित तीव्र रूपमा पलायन भइरहेको छ। समग्रमा गुणस्तरीय शिक्षा प्राप्तिका लागि नेपाली युवा जनशक्ति पलायन हुने गरेको छ।

नेपालको श्रम बजारमा पर्याप्त रोजगारीका अवसरको कमीले युवा पलायन बढेको हो। बढ्दो आयातले नेपालमा उत्पादन हुने वस्तुहरूको प्रतिस्पर्धात्मक क्षमतामा ह्रास आएकाले उद्योगधन्धा फस्टाउन सकेका छैनन्। भएका उद्योग पनि बन्द हुँदै गएका छन्। पहिला स्नातकोत्तर तहको उच्च शिक्षाको लागि विदेशी शैक्षिक संस्थामा अध्ययन गर्न जाने गरेकोमा पछिल्लो समयमा माथि उल्लिखित दुई कारणको प्रबलताले गर्दा नेपालबाट १२ कक्षा उत्तिर्ण गरेपछि स्नातक तहको अध्ययनकै लागि धेरै नेपाली विद्यार्थी जाने गरेका छन्। यसले देशको जनसांख्यिकीय लाभलाई अवमूल्यन गर्दै विकासलाई प्रतिकूल असर गर्ने निश्चित छ।

# स्वतन्त्रताको यात्रा सजगता



• डा.नम्रता पाण्डे

प्रत्येक व्यक्तिलाई लाग्छ-जीवन प्रायः अन्योलपूर्ण हुन्छ। हामी खुसीको खोजी गर्छौं, दुःखबाट टाढा रहन चाहन्छौँ र जीवनको अर्थ बुझ्ने प्रयास गर्छौं तर सही उत्तर बाहिरी संसारमा होइन, हाम्रोभित्र नै लुकेको हुन्छ। हाम्रोभित्रबाट सधैँ एउटा प्रश्न जागृत हुन्छ- के हाम्रो सही स्वरूप पहिले नै पूरक, स्वतन्त्र र शान्त छ ? यही प्रश्नको जवाफ खोज्ने माध्यम हो-सजगता। सजगता कुनै धर्म वा सैद्धान्तिक कुरामा सीमित छैन। यो हाम्रै अनुभवमा आधारित सत्य हो। यसको अनुभूति गर्न कसैलाई पण्डित, योगी वा साधु हुनु पर्दैन।

सजगताको स्वरूप

सजगता कुनै देखिने वा छुने वस्तु होइन। यो सधैँ हामीसँगै हुन्छ। हामीलाई जीवित छौँ भन्ने बोध गराउने शक्ति यही हो। हामी जे अनुभव गर्छौं, त्यो सबै सजगताको द्वारबाट भित्र आउँछ। हामी विचार हौँ भन्ने भ्रम हटाएर, विचारलाई देख्ने 'द्रष्टा' हौँ भन्ने सत्य बुझ्दा हामीलाई आत्म-साक्षात्कार हुन्छ। हाम्रो नाम, भूमिका, पेसा वा भावनाहरू परिवर्तनशील हुन्, तर ती सबैभन्दा पर, सधैँ स्थिर रहने तत्व नै सजगता हो। हामी परिवर्तनशील वस्तु होइनौँ, हामी ती वस्तुहरूलाई देख्ने, अनुभव गर्ने चेतन शक्ति हौँ। हामी सामान्यतया आफूलाई नाम, भूमिका वा अवस्थामार्फत चिनाउँछौँ-जस्तै म आमा हुँ, म मन्त्री हुँ, म दुःखी छु, म सम्पन्न छु आदि आदि तर यी सबै क्षणिक अवस्था हुन्। साँचो 'म' त त्यो हो जसले यी सबै अवस्था परिवर्तन हुँदै गएको देख्छ। जब हामी यो बोधमा पुग्छौँ कि 'म शरीर, विचार, भावना होइन', त्यो क्षणमा आन्तरिक शान्ति र स्वतन्त्रता जन्मिन्छ।

सजगता न त रङ्मा हुन्छ, न त उमेर वा आकारमा। यो हरेक क्षणमा उपस्थित हुन्छ-तपाईं हिँड्दा, बोल्दा, सोच्दा वा चुप लाग्दा पनि। हाम्रो विचार र भावना समुद्रका छाल जस्ता हुन्, जुन आउँछन् र जान्छन्। तर सजगता त्यो समुद्र स्वयम् हो, जुन सधैँ स्थिर रहन्छ। यही स्थिरतामा टिक्न सक्ने क्षणमा हामी पीडाबाट मुक्त हुन थाल्छौँ।

त्याग्न सक्ने ज्ञान

साँचो ज्ञान पुस्तकमै मात्र सीमित हुँदैन। त्यो त स्पष्ट देख्न सक्ने क्षमताबाट आउँछ। हरेक भावना, चाहे खुसी होस् वा दुःख, समयसँगै परिवर्तन हुन्छ। जब हामी यो सत्य गहिरोसँग बुझ्छौँ, हामी विचलित हुने वा डराउने अवस्था आउँदैन। हामीसँग त्यो त्यागको ज्ञान हुन जरुरी छ, जसले सजिलैसँग हाम्रा अपेक्षाहरू, पीडाहरू र विगतका घटनालाई त्याग्न सकौँ, बिर्सन सकौँ। यही त्यागको क्षणमा नै स्वतन्त्रता अनुभव हुन्छ।

सत्यको खोजीकर्ता

सत्यको खोजीकर्ताले सफलता, सम्पत्ति वा सम्मानभन्दा पर जान चाहन्छ। उसले साँचो शान्तिको खोजी गर्छ -जुन बाहिरी परिस्थितिमा निर्भर हुँदैन। उसले आफ्ना विचारहरूलाई पनि निरीक्षण गर्छ र विश्वास गर्नुअघि परीक्षण गर्छ। सत्यको खोजीकर्ता दयालु, खुला र निर्भय हुन्छ।

सबै एकै चेतनाका रूप

आन्तरिक यात्राको सबैभन्दा गहिरो बोध यो हो कि हामी सबै एकै चेतनाका अभिव्यक्ति हौँ। यो अद्वैतको सिद्धान्त हो -जहाँ विभाजनको भ्रामक पर्दा हट्छ। हामी अरूलाई दोष दिन छाड्छौँ, तुलना गर्न रोक्छौँ र हरेक कुराप्रति एक प्रकारको मौन प्रेम अनुभूत गर्छौं। यही बोधबाट सहिष्णुता र करुणा उत्पन्न हुन्छ।

जीवनलाई स्पष्ट देख्नु

जीवन सदैव परिवर्तनशील छ। मान्छे, भावना र परिस्थिति कहिल्यै स्थायी हुँदैनन्। यो बोध सुरुमा डर लाग्दो हुन सक्छ तर पछि यही बोधले स्वतन्त्र बनाउँछ। जब हामी सबै वस्तु क्षणिक हुन् भन्ने बुझ्छौँ, हामी वर्तमानमा बाँच्न थाल्छौँ -चिन्ताबिना, अपेक्षाबिना।

मौनताको वरदान

मौनता कुनै खालीपन होइन, त्यो त भित्रको गहिरो शान्ति हो। ध्यानद्वारा हामी यस मौनतामा स्थित भएर सजगताको अनुभूत गर्न सक्छौँ। श्वासमाथि ध्यान केन्द्रित गर्दै, विचारहरू आउन दिनु, जान दिनु-जस्तो आकाशमा बादल आउँछन् र जान्छन्। अन्ततः मन शान्त हुन्छ र तपाईंको आफैँसँग मिलन हुन्छ।

राम्रो वा नराम्रोभन्दा पर

जसरी हामी जीवनमा सबै कुरा राम्रो वा नराम्रो भनेर छुट्याउँछौँ, त्यो दृष्टिले हामीलाई बाँधेर राख्छ। सजगताको दृष्टिबाट हेर्दा जीवन केवल 'जस्तो छ, त्यस्तै हुन्छ। न राम्रो, न नराम्रो।' सही स्वतन्त्रता भनेको परिणाममा चिप्लिनु होइन-प्रेम, स्पष्टता र सजगताबाट क्रियाशील हुनु हो।

सिद्ध पुरुषको मार्ग

जो सजगताको बोधमा पुगेका छन्, तिनै सिद्ध पुरुष हुन् जो संसारका प्रभावबाट मुक्त हुन्छन्। उनीहरू न त प्रशंसाबाट उफ्रन्छन्, न त आलोचनाबाट तर्किन्छन्। उनीहरूको जीवन सरल, दयालु र प्रेमपूर्ण हुन्छ। साँचो गुरु भन्नाले अरूलाई नियन्त्रण गर्ने होइन तर आफैँलाई जित्ने हो। त्यो जरुरी मार्ग पत्ता लगाउने अवसर हामी सबैका लागि खुला छ। असली गुरु चिन्न सक्नु पर्छ, बजारमा जो आयो त्यो गुरु हुन सक्दैनन्। अपेक्षा बोकेर, प्रख्यात हुने होडमा लागेका गुरुहरूप्रति सजग भएर हिँड्नु पर्छ।

वास्तविक खुसी

वास्तविक खुसी सम्पत्तिमा होइन, बाह्य प्रेममा होइन-त्यो त भित्रको बोध हो। जब हामी खोज्न रोकिन्छौँ र आफूमा फर्किन्छौँ, त्यही क्षणमा वास्तविक आनन्दको अनुभव हुन्छ। हामी पहिले नै पूरक छौँ, स्वतन्त्र छौँ- यही बोध नै शाश्वत शान्तिको ढोका हो। अहिले प्रचलित लाइक र फ्लोअर्सले खुसी मिल्ने भ्रम छ तर यी सबै क्षणिक छन्। जब यी कुरा हट्छन्, हाम्रो खुसी पनि हराउँछ। वास्तविक खुसी भनेको कुनै वस्तु होइन, जुन खोजेर पाइन्छ। त्यो त हाम्रो भित्रै लुकेको अवस्था हो -जुन केवल सजगता, मौनता र आत्म स्वीकृतिबाट प्रकट हुन्छ। जब हामी खोज्न बन्द गर्छौं र आफूभित्र फर्किन्छौँ, त्यही क्षण वास्तविक आनन्द प्रकट हुन्छ। त्यो खुसी परिस्थितिसँग होइन, चेतनासँग जोडिएको हुन्छ। त्यसैले सजग बनाउन वास्तविक खुसी बाहिरी कारणमा आधारित हुँदैन। वास्तविक खुसी दिन, सप्ताह र वर्षको लक्ष्य होइन, यो 'अहिले र यहीँ' को अनुभूति हो। खुसीको कुनै प्रतिस्पर्धा छैन, तुलना छैन-केवल स्वीकृति र उपस्थिति छ। तपाईं खुसी हुनुहुन्छ भन्ने होइन -तपाईं सदा खुसी नै हुनुहुन्छ भन्ने अनुभूति हुन्छ।

'सत्य, प्रेम र शान्तिमा बस्न सक्नु नै सबैभन्दा गहिरो खुसी हो' -भगवद्गीतामा उल्लेख गरिएको तात्पर्य यही नै हो। 'खुसी त्यो होइन जुन तिमी खोजिरहेछौँ, त्यो त तिम्रो मौन उपस्थिति हो'-ओशोले यही सजगता र साक्षीलाई खुसीको उपमा दिनुभएको थियो।

आन्तरिक यात्राको रहस्य

आन्तरिक यात्रा सरल छ, तर सजिलो भने होइन तर साहस, धैर्यता र इमानदारिताबाट सुरु गरिने यो यात्रा अवश्य फलदायी हुन्छ। यस यात्राबाट हामी पाउँछौँ- शान्ति, स्पष्टता र स्वतन्त्रता। त्यसैले एक गहिरो सास लिनुहोस्, चुप बस्नुहोस् र बिर्सनुहोस्, तपाईंले खोजिरहनुभएको प्रकाश पहिलेदेखि नै तपाईंभित्रै प्रज्ज्वलित भइरहेको छ। मौनता या ध्यान भनेको भाग्नु होइन, त्यो त आफूभित्रको आफू भेट्ने साहसी यात्रा हो। बाहिर खोज्दा भ्रम भेटिन्छ, भित्र फर्किंदा सत्य भेटिन्छ। वास्तविक स्वतन्त्रता तब आउँछ, जब हामी परिणाममा होइन, सजगतामा जिउन थाल्छौँ। व्यक्ति कोही कुनै विशेष बन्नु पर्दैन, केवल आफू बन्ने साहस गर्नुहोस्। तपाईं पहिले नै पूर्ण हुनुहुन्छ।

# हिन्दू राष्ट्रको अवधारणा कट्टरता होइन, मूल पहिचान हो



• माधव कल्पित

"धर्म न बहसको विषय हो, न कुनै सत्ता वा संस्थाको बपौती – यो त जीवनको संगीत हो, जहाँ मानवता नै सर्वोच्च देवता हो।"

धर्म भन्नाले मानिसको आन्तरिक चेतनाको त्यो शुद्ध रूप बुझिन्छ, जसले जीवनलाई अर्थ, अनुशासन र उद्देश्य प्रदान गर्छ। धर्म कुनै जात, सम्प्रदाय, या परम्परामा सीमित छैन; यो त मानिसको आत्मा, व्यवहार र मूल्यप्रतिको उत्तरदायित्व हो। आजको समयमा धर्मलाई केवल मन्दिर, मस्जिद वा चर्चभित्र सीमित पार्ने प्रयास गरिएको छ, तर धर्मको सार त त्यो हो, जसले झुट बोल्न रोकेको हुन्छ, अन्यायसँग सम्झौता गर्न नसक्ने बनाउँछ र लोभ, घृणा तथा अहंकारको निर्मूलन गरिदिन्छ।

धर्म व्यवहारमा देखिनुपर्छ, न कि केवल पूजा-पाठ वा कर्मकाण्डमा। किनभने धर्म भनेको बाहिरी शृङ्गार होइन, अन्तर-निर्माण हो। पूजाको फूलभन्दा पनि आवश्यक हुन्छ, मुटुमा करुणा हुनु। आरतीको धूपभन्दा धेरै आवश्यक हुन्छ, व्यवहारको सुगन्ध। धर्म भन्नाले हामीले अरूसँग कस्तो व्यवहार गर्छौं, कसरी माफ गर्छौं, कसरी बाँडेर बाँच्न सक्दछौं भन्ने कुराले प्रमाणित हुन्छ।

धर्म भनेको मूल्य हो – सत्य, अहिंसा, करुणा, क्षमा र आत्मसंयम जस्ता तत्वहरू नै धर्मका मूल आधार हुन्। यी मूल्यविना कुनै पनि धर्म केवल औपचारिकता मात्र हुन्छ। जब यी मूल्यहरू हराउँछन्, धर्म घातक बनिन्छ; तब मन्दिर, चर्च वा मस्जिद स्वार्थका केन्द्र बन्छन्। धर्म नाममा युद्ध हुन्छ, र श्रद्धा नाममा मूर्ख बनाइन्छ। तर साँचो धर्म भनेको मानवताको पक्षमा उभिनु हो – जहाँ न त जातपातले सीमा बनाउँछ, न सम्प्रदायले दूरी बनाउँछ।

यही धर्मले सभ्यताको विकास गऱ्यो। इतिहासका सबै महान् विचारकहरू – बुद्ध, येशू, सुकरात, महावीर, मोहम्मद, कन्फ्युसियस – सबैको यात्राको सुरुवात धर्मबाटै भयो। उनीहरूले धार्मिक नाममा होइन, मूल्य र मानवताको पक्षमा क्रान्ति गरे। उनीहरूको धर्म ज्ञान थियो, करुणा थियो, र आत्मबल थियो।

नेपालको प्रसङ्गमा हेर्दा, धर्म यहाँ केवल आस्थाको विषय होइन – यो त राष्ट्रिय चेतनाको मूल स्रोत हो। पशुपतिनाथको दर्शनले हामीलाई आत्मशुद्धिको सन्देश दिन्छ, लुम्बिनीको धर्तीले शान्तिको गन्ध दिन्छ, जनकपुरले न्याय र विवेकको महत्व सम्झाउँछ। मुक्तिनाथ, गोसाइँकुण्ड, पाथिभरा, खप्तड – यी कुनै जातको सम्पत्ति होइनन्, यी सम्पूर्ण मानवताको साझा धरोहर हुन्। नेपाल बहुधार्मिक देश हो, तर यहाँको हिन्दू संस्कार, जीवनशैली र रीतिथितिले एउटा सभ्यताको ऐतिहासिक मार्गचित्र कोरेको छ। त्यसैले हिन्दू राष्ट्रको अवधारणा कट्टरता होइन, मूल पहिचान हो – जहाँ सबै धर्मका फूलहरू स्वतन्त्र रूपमा फुल्न सक्छन्।

तर आज धर्मलाई राजनीति र सत्ताको खेल बनाइँदैछ। धर्मलाई राजनीतिक हतियार बनाइँदा न धर्म बाँच्छ, न राजनीति पवित्र रहन्छ। धर्म सत्ताको लाठी बन्ने बित्तिकै यसको आत्मा मर्छ। साँचो धर्म सधैं सत्ता र अन्यायको विरुद्धमा उभिन्छ – त्यो त सत्ताको चाकरी गर्न सक्दैन। धर्म संविधानको लेख होइन, आत्माको स्वर हो। यो व्यक्तिको विवेकमा जन्मिन्छ, र व्यवहारमा प्रकट हुन्छ।

अन्ततः, धर्म भनेको जीवनको मूल हो। धर्म हामीलाई मानव बनाउँछ, सहिष्णु बनाउँछ, र विवेकी बनाउँछ। धर्म नै सभ्यता हो, धर्म नै संस्कार हो। जब हामी धर्मको सही मर्म बुझ्छौं, तब हामी समाज, राष्ट्र र सृष्टिसँग सह-अस्तित्वमा बाँच्न सक्छौं। त्यसैले, आजको युगमा धर्मलाई मूढताबाट मुक्त गर्दै चेतनाको मार्गमा पुनःस्थापित गर्न अत्यावश्यक छ

# संसदभित्रै सांसद थापाले च्याते बजेट किताब



झापा(प्रस) । नेकपा एकीकृत समाजवादीका सांसद अम्मरबहादुर थापाले आगामी आर्थिक बर्षको बजेट किताब प्रतिनिधिसभा बैठकमा च्यातेका छन् ।

सरकारले ल्याएको बजेटले जनताको भावनालाई समेट्न नसेकेको र एकाधिकार कायम गर्न खोजेको भन्दै सांसद थापाले सदनमा बजेटको रातो किताव च्यातेका हुन् । जनताबाट उठेको राजस्वबाट बनेको बजेट जनताप्रति उत्तरदायी नरहेकाले मन नपरेर रातो किताव च्यातेको उनले बताए ।

उनले सरकारले ल्याएको बजेट र भौतिक मन्त्रालयको बजेट उल्टो बाटोमा हिँडेको आरोप समेत बताए ।

## पूर्वी ....

२१दशमलव ४९ प्रतिशत प्रगति भएको योजना प्रमुख पन्तको भनाई छ । यता सोही मितिमा सम्पन्न गर्ने गरी ५ अरब ९७ करोडमा निन्दा, विरिङ र कनकाई पुलको काम भइरहेको छ । जसको प्रगति १८ दशमलव ११ प्रतिशत काम भएको छ ।

हाल आयोजनाका लागि सडक फिलिङ गर्ने माटोको अभाव, विद्युत् पोल हटाई साइड क्लियरेन्स कार्य सुस्त रहेको आयोजना प्रमुख पन्तले बताए । उनका अनुसार दुई हजार ४ सय पोल हटाउनु पर्नेमा ७० प्रतिशत मात्रै पोल सार्ने काम भएको छ । सडक निर्माणका लागि सिमेन्ट तथा डन्डीमा मूल्य उतारचढाव , दक्ष कामदारको अभावका कारण पनि सडक निर्माणले गति लिन नसकेको उनको भनाई छ ।

पश्चिम खण्डमा २३ प्रतिशत प्रगति

'एसियन हाइवे' निर्माणका क्रममा पश्चिम खण्डमा पूर्वी खण्डमा भन्दा बढी प्रगति भएको पाइएको छ । पश्चिम खण्डमा २३ प्रतिशत काम भएको आयोजनाले जनाएको छ । पश्चिम खण्डमा झापा, मोरङ र सुनसरी जिल्लामा पर्छ । शुरु बिन्दु सितापुरीदेखि पश्चिम खण्ड लाविपुर सुनसरीसम्म हो । यसको लम्बाइ ५० दशमलव ७६ किलोमिटर रहेको छ । आयोजना पश्चिम खण्ड इटहरी कार्यालयका प्रमुख जगत प्रजापतिका अनुसार मङ्गलबारदेखि लक्ष्मीमार्गबाट एक लेन कालोपत्रेको काम प्रारम्भ भएको हो । निर्माण सम्झौता भएको १५ महिनामा करिब २३ प्रतिशत काम सकिएको छ । एसियाली राजमार्ग नम्बर २ अन्तर्गत काँकडभिट्टाबाट लौकहीसम्मको एक सय २० किलोमिटर सडक स्तरोन्नति हुने भनिए पनि हाल ९५ दशमलव ७६ किमिमा मात्र काम भइरहेको छ ।

## डाइभर्सनले...

इलाममा कार्यरत प्रहरी सहायक हवल्दार बेलबारी नगरपालिका-४ निवासी ३१ वर्षीय जितेन्द्र चौधरीले चलाएको प्र. १-०२-०४३ प २४७१ नम्बरको मोटरसाइकल अनियन्त्रित भई डाइभर्सनमा दुर्घटनामा परेको थियो। दुर्घटनामा गम्भीर घाइते भएका चौधरीलाई उपचारका लागि मदन भण्डारी अस्पताल तथा ट्रमा सेन्टर उर्लाबारी ल्याइएकोमा उपचारकै क्रममा मृत्यु भएको हो ।

दुर्घटनामा चौधरीकी २६ वर्षीया श्रीमती प्रहरी चौकी साखेजुङ रक्से इलाम दरबन्दी भई प्रहरी चौकी जमुनामा कार्यरत प्रहरी जवान बिमला धिमाल चौधरी र दुई वर्षीय छोरा जेशन चौधरी गम्भीर घाइते भएका थिए ।

त्यस्तै गत जेठ ५ गते कोशी प्रदेशका चारजना सांसद चढेको कार डाइभर्सनमै दुर्घटनामा पर्यो । उक्त कार पूर्व-पश्चिम राजमार्गअन्तर्गत कानेपोखरी गाउँपालिका-७ स्थित डाइभर्सनमा जिल्ला प्रहरी कार्यालय झापाका डीएसपी खगेन्द्र खड्काले चलाएको कारसँग ठोक्किएर दुर्घटना भएको थियो ।

यी केही उदाहरण मात्र हुन् । पूर्वपश्चिम राजमार्गमा रहेका डाइभर्सनका कारण दुर्घटना बढेको छ । डाइभर्सनका कारण दुर्घटना बढ्नुका साथै यात्रा जोखिमपूर्ण बनेको ट्राफिक प्रहरीहरु बताउँछन् । अधिकांश दुर्घटना डाइभर्सनका कारण हुने गरेको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

डाइभर्सनका कारण दुर्घटना बढेपछि त्यसप्रति जिल्ला प्रशासन कार्यालयले काँकडभिट्टा-लौकही सडक योजना कार्यालय (पूर्वी खण्ड) आयोजनाको ध्यानाकर्षण गराएको छ । बुधवार भएको छलफलमा डाइभर्सनका कारणले दुर्घटना बढेकोले त्यसप्रति ध्यानाकर्षण गराइएको प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले बताए । उनले डाइभर्सन भएको ठाउँमा खतराको संकेत बनाई चम्किने (रिफ्लेटिङ) खालको बोर्ड राख्न आग्रह गरिएको जानकारी दिए । उनले जतिसक्दो छिटो डाइभर्सन हटाउन भनिएको बताए । पूर्वी खण्डको तीन ठाउँमा निर्माण सम्पन्न नहुने भएपछि डाइभर्सन हटाउन नसकिने काँकडभिट्टा-लौकही सडक योजना कार्यालय (पूर्वी खण्ड) आयोजनाका प्रमुख सुनिलबाबु पन्तले बताए । उनले काली खोला , भालु खोला र चारआलीको हात्ती पासमा तत्कालै निर्माण कार्य सम्पन्न नहुने जानकारी दिए । उनले डाइभर्सनकै कारण सवारी दुर्घटना नभएको दावी गरे ।

बाटो बिग्रेको थाहा हुँदाहुँदै अत्यधिक तीब्र गतिमा र मादक पदार्थ सेवन गरेर सवारी चलाउँदा दुर्घटना बढेको धारणा राखे । उनले डाइभर्सन भएको ठाउँमा सांकेतिक बोर्डहरु अझ थपिने जानकारी दिए ।

# अर्जुनधारामा मोटरसाइकलकोठक्करबाट पैदलयात्रीको मृत्यु

झापा(प्रस)। झापाको अर्जुनधारामा मोटरसाइकलको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ । चार दिनअघि असार १ गते राति ८:४५ बजे अर्जुनधारा नगरपालिका २ रातेस्थित भित्री सडकखण्डमा खुदुनावारीबाट रातेतर्फ जाँदै गरेको मे ४ प ७४६७ न. को मोटरसाइकलले पैदलयात्री वडा नं २ बस्ने ३६ वर्षीय लेखबहादुर दर्जीलाई ठक्कर दिएको थियो ।

टाउकोमा चोट लागेर घाइते भएका दर्जीलाई बीएण्डसी अस्पताल बिर्तामोडमा ल्याई उपचार भइरहेकोमा बिहीवार बिहान ८:१० बजे मृत्यु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

मृतकको शव सोही अस्पतालमा रहेको छ । मोटरसाइकल र मोटरसाइकल चालक अर्जुनधारा ४ बस्ने २३ वर्षीय अंकित चौधरीलाई अस्थायी प्रहरी चौकी खुदुनावारीले नियन्त्रणमा लिएको छ ।

## सरकारलाई...

अग्रवालले सयपत्री मिडिया प्रालिद्वारा सञ्चालित योहो टीभीमा प्रसारित समाचारका कारण आफूलाई क्षति पुगेको भन्दै हटाउन माग सहित जेठ ४ गते निषेधाज्ञाकै मुद्दा हालेका थिए। भोलिपल्टै न्यायाधीश रामचन्द्र खड्काको इजलासले समाचार तत्काल हटाउन र थप नलेख्न अन्तरिम आदेश दियो जुन अद्यापि कायम छ। उक्त समाचारमा लाइफ अटोमोबाइलद्वारा आयात विद्युतीय सवारीसाधन (ईभी) समस्याग्रस्त रहेको, भन्सार छलेर लूट मच्चाइएको उल्लेख थियो।

अदालतले समाचारको तथ्य-प्रमाण नजाँची, आरोपित पक्षको कुरा नसुनी एकांगी सुनुवाइकै आधारमा समाचार हटाउन र थप समाचार नलेख्न आदेश दिने गरेको छ। यसरी अभिव्यक्ति र प्रेस स्वतन्त्रतामा आघात पुग्ने संवेदनशील विषयमा एकपक्षीय सुनुवाइका भरमा निर्णयमा पुग्नु गम्भीर एवं सुनुवाइ स्वच्छ हुनुपर्ने मान्यताको प्रतिकूल रहेको नेपाल पत्रकार महासंघका पूर्व अध्यक्ष शिव गाउँले बताउँछन्। "अब समाचार हटाउने उद्देश्यले परेका मुद्दामा अदालतले हात हाल्ने कि नहाल्ने भनेर प्रश्न उठाउने वेला आएको छ," उनी भन्छन्, "नेपाल प्रेस काउन्सिललाई बाइपास गरेर आउने यो प्रवृत्ति खतरनाक छ। यस्तो मुद्दा दिनेहरू प्रायः व्यापारी छन् भन्ने पनि हामीले ख्याल गर्नुपर्छ।"

### सर्वोच्चले रोपेको बीउ

प्रमाणको विवेचना नगरी समाचार हटाउने आदेश दिनमा जिल्ला मात्र होइन, सर्वोच्च अदालत समेत अग्रसर छ। नेपाली पेन अनलाइनले प्रधानन्यायाधीश प्रकाशमानसिंह राउतले पूर्व राजा ज्ञानेन्द्र शाहलाई भेटेको भन्दै वैशाख ८ गते समाचार प्रकाशन गरेको थियो। त्यस लगत्तै सर्वोच्च अदालतले 'शो-मोटो' का आधारमा अदालतको अवहेलना भएको दाबी सहित नेपाली पेन विरुद्ध दुई वटा मुद्दा दायर गरेको थियो। अदालत आफैंले जानकारीमा लिएर प्रतिवेदन उठाई अवहेलनाको मुद्दा दायर गर्ने प्रचलनलाई शो-मोटो (स्वयं संज्ञान) भनिन्छ।

वैशाख ९ र १० गते सर्वोच्चका नायब सुब्बा कमला रेग्मी र कम्प्युटर अपरेटर रमेश बजगाईंले ती मुद्दा दर्ता गराएका थिए। ९ गतेको मुद्दामा न्यायाधीश अब्दुल अजीज मुसलमान र टेकप्रसाद ढुंगानाको इजलासले भोलिपल्टै समाचार हटाउन आदेश दिनुका साथै प्रधानसम्पादक दीपेश केसी र कार्यकारी सम्पादक सचिना बानियाँलाई बयानका लागि बोलाएको थियो। दोस्रो मुद्दामा वैशाख २१ गते न्यायाधीश कुमार रेग्मी र मुसलमानको इजलासले प्रतिवादीबाट पाँच-पाँच हजार रुपैयाँ धरौटी मागेको थियो।

यस घटनाले अभिव्यक्ति र प्रेस स्वतन्त्रताप्रति सिंगो न्यायालय अनुदार बन्दै गएको संकेत मिल्छ। "अहिले सार्वजनिक भएका समाचार हटाउने वा पक्राउ पुर्जी जारी गर्ने कुरालाई एउटा घटनाका रूपमा मात्र हेर्नु हुँदैन," पत्रकार सुधीर शर्मा भन्छन्, "यी शृंखलालाई आपसमा उनेर हेर्दा न्यायालय नागरिक स्वतन्त्रताको स्पेस खुम्च्याउन लागिपरेको प्रवृत्ति देखापर्छ।"

यस्तो प्रवृत्ति झाँगिनुमा सिधा कुरा अनलाइनमा प्रकाशित एउटा समाचारबाट अदालतको अवहेलना भएको भन्दै परेको मुद्दामा सर्वोच्चले नौ महीनाअघि गरेको फैसला मुख्य कारक देखिन्छ। फरेन्सिक जाँचमा सर्वोच्चकै न्यायाधीश समेतको छद्म आवाजयुक्त अडियो सामग्री बनाएको पाइएको उक्त प्रकरणमा अन्य प्रमाणले पनि अदालतको अवहेलना भएकै पुष्टि भएको थियो। सोही आधारमा निवेदकको माग बमोजिमकै फैसला गरेको सर्वोच्चको नौ सदस्यीय बृहत् पूर्ण इजलासले त्यसको व्याख्यामा प्रेस स्वतन्त्रता 'नियन्त्रित' हुने भनी लेखिदिएको छ। जबकि संविधानको प्रस्तावनामै 'पूर्ण प्रेस स्वतन्त्रता रहने' उल्लेख छ। संविधानको धारा १७ मा प्रत्येक नागरिकलाई अभिव्यक्ति स्वतन्त्रताको अधिकार रहने र धारा १९ मा सञ्चारमाध्यममा समाचार लगायत सामग्री छाप्न, प्रसारण गर्न पूर्व प्रतिबन्ध नलगाइने जनाइएको छ।

धारा १९ मै 'सार्वभौमसत्ता, भौगोलिक अखण्डता, विभिन्न जात, जाति, धर्म-सम्प्रदाय, राष्ट्रियता वा संघीय एकाइबीचको सुसम्बन्धमा खलल पार्ने, राज्यद्रोह, गाली-बेइज्जती वा अदालतको अवहेलना हुने सामग्रीमा मनासिब प्रतिबन्ध लगाउनेगरी कानून बनाउन पाउने व्यवस्था पनि छ। सर्वोच्चले यही प्रतिबन्धात्मक व्यवस्थालाई संविधानले पूर्ण स्वतन्त्र हुने परिकल्पना गरेको प्रेसलाई 'नियन्त्रित' बनाउने अर्थमा उपयोग गरेको देखिन्छ। फैसलामा लेखिएको छ, 'त्यस्तो हक (प्रेस र अभिव्यक्ति स्वतन्त्रता) निरपेक्ष नभई नियन्त्रित हुने भनी संवैधानिक प्रावधान रहेकै छ।'

सर्वोच्चको यही व्याख्याको आडमा शुरू अदालतका रूपमा रहेको जिल्लाले समेत सहजै समाचार हटाउन आदेश दिन थालेको देखिन्छ। तर यस्तो व्याख्या त्रुटिपूर्ण रहेको सर्वोच्च अदालतकै पूर्व न्यायाधीश बलराम केसी बताउँछन्। "प्रेस कसैबाट परिचालित र प्रायोजित पनि हुन सक्ने सन्दर्भमा संविधानले यसको स्वतन्त्रताको सीमा तोके पनि त्यो 'नियन्त्रित' हुन्छ भन्ने होइन," संवैधानिक कानूनका जानकार समेत रहेका केसी भन्छन्, "फैसलाको यस्तो एउटा शब्दले भोलि अनर्थ भइदिन सक्छ।" संवैधानिक कानूनका अर्का जानकार वरिष्ठ अधिवक्ता एवं पूर्व महान्यायाधिवक्ता दिनमणि पोखरेल पनि संविधानले परिकल्पना गरेको प्रेस स्वतन्त्रता 'नियन्त्रित' नरहेको बताउँछन्। "निरंकुश शासन व्यवस्थामा मात्र नियन्त्रित प्रेस हुन्छ," उनी भन्छन्, "संक्षिप्त पाठमा भूलवश उक्त शब्द परेको र पूर्ण पाठमा त्यो सच्चिनेमा म विश्वस्त छु।"

सामाजिक सञ्जाल फेसबूक, इन्स्टाग्राम, टिकटकमा शेयर गरेको सामग्रीका कारण रूटिन अफ नेपाल बन्द (आरओएनबी)ले पनि अहिले अदालतको अवहेलनामा मुद्दा खेपिरहेको छ। ड्राइभिङ लाइसेन्स, मापसे सहितका जाँचका वेला ट्राफिक प्रहरीले गाडीको चाबी खोस्न नपाउने भन्दै आरओएनबीले अदालती आदेशको गलत प्रचार गरेको दाबी सहित उच्च अदालत, पाटनमा जेठ ३० गते रिट परेको थियो। असार ३ गते अदालतले आरओएनबीका सञ्चालक भिक्टर पौडेललाई लिखित जवाफ मागेको छ। उक्त रिट विवेक चौधरीले दर्ता गराएका हुन्। उनी कानूनका विद्यार्थी हुन्।

यसअघि ट्राफिक प्रहरीले सवारी जाँचका वेला सवारीसाधनको चाबी खोस्ने गर्दा स्वतन्त्र तवरमा जीवनयापन गर्न पाउने नागरिक अधिकारमा बन्देज लागेकाले त्यस्तो व्यवहार रोक्न माग राखी उच्च अदालतमै रिट परेको थियो। त्यो रिट पनि चौधरीले नै हालेका हुन् जसमा अदालतले 'चाबी खोस्ने कानून नभएको' ठहऱ्याउँदै २०८१ माघमा प्रहरीलाई कानूनले तोकेको कारबाही मात्र गर्न, चाबी नखोस्न निर्देशनात्मक आदेश दिएको थियो। सोही आदेशलाई आरओएनबीले गलत तरीकाले प्रचारप्रसार गरेको चौधरीको आरोप छ। चौधरीसँग पहिले केही विषयमा विवाद भएकाले अहिले त्यसैको प्रतिशोध लिएको आरओएनओबीका सञ्चालक पौडेल बताउँछन्। "मैले पनि यस विषयमा थप बुझ्न पाएको छैन," उनी भन्छन्, "हाम्रो चिनजानकै मानिस हुन्।"

सुपर काईनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय चिठि, पत्र, पार्सल पठाउन परे हामिलाई सम्झनुहोस् ।
बिगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा, अदुवा खोला छेउ

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे : ९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** नयाँ वस्त्र र अलङ्कारको प्राप्ति पनि हुनसक्छ ।मनोरञ्जनमा सहभागिता भइनेछ

**वृष** महत्वपूर्ण कामको थालनी हुनेछ । कुनै कुराले मनमा शान्ति छाउनेछ ।

**मिथुन** आज रमाइलो यात्राको सम्भावना छ । रोकिएको धन हात पर्ला ।

**कर्कट** नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । स्वादिष्ट भोजनको आनन्द समेत पाइएला ।

**सिंह** आज महिला वर्गबाट विशेष साथ र सहयोग मिल्नेछ । अरुलाई प्रभावित पारेर

**कन्या** मनोरञ्जनको क्षेत्रमा सफलता मिल्नेछ । शरीर भारी र मन अस्थिर रहने संकेत

**तुला** आज आम्दानी प्रशस्तै बढ्नेछ । प्रेम र दाम्पत्य जीवन सुखमय हुनेछ ।

**वृश्चिक** सामाजिक क्षेत्रबाट राम्रो सहयोग पाइनेछ ।धार्मिक तथा समाज सेवामा मन लाग्नेछ।

**धनु** आज छोटो दुरीको लाभदायक यात्रा रहला । एकपछि अर्को अवसर आउनाले मन

**मकर** घरमा अतिथिको आगमन हुनेछ । स्वास्थ्यको ख्याल गर्नु पर्नेछ ।

**कुम्भ** राजनैतिक कार्यमा सफलता मिल्नेछ । विपरीत वर्ग प्रति आकर्षण बढ्नेछ ।

**मिन** परीक्षा र पढाईमा राम्रै सफलता मिल्ला । रमाइलो यात्रा गर्ने अवसर प्राप्त हुनेछ ।